मिति २०७८ बैशाख २९ गते बसेको मर्स्याङ्दी गाउँ कार्यापालिकाको ८० औं बैठकको निर्णयहरु :

१) कोरोना संक्रमणको दोस्रो भेरियन्टको प्रभाव बढ्दै गएको सन्दर्भमा यसको रोकथामका लागि वडागत रुपमा भए गरेका प्रयन्तहरु र अवस्था बारे वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ र समीक्षा गरियो ।

२) कोभिड रोकथाम सम्बन्धमा बैशाख २८ गते बसेको सर्वपक्षिय बैठकको निम्नानुसारका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

१) कोभिड महामारीको बेला आवश्यक जुन सुकै आपतकालीन निर्णय गर्न गठित समिति :

१. संयोजक, अर्जुन गुरुङ, अध्यक्ष, मर्स्याङ्दी गाउँपालिका
२.सदस्य, होम बहादुर बि.क., उपाध्याक्ष, मर्स्याङ्दी गाउँपालिका
३.सदस्य, टीका बहादुर गोदार, प्रमुख प्रशासकिय अधिकृत, मर्स्याङ्दी गाउँपालिका
४.सदस्य, लिला प्रसाद घले, संयोजक, विपद व्यवस्थापन समिति, मर्स्याङ्दी गाउँपालिका
५. प्रेम बहादुर बस्नेत, संयोजक, सामाजिक विकास समिति तथा वडा अध्यक्ष वडा नं.३
६. हिरादेवी गुरुङ, संयोजक, आर्थिक विकास समिति तथा वडा अध्यक्ष वडा नं.८
७. सदस्य, लुल बहादुर घले, प्रमुख, स्वास्थ्य शाखा, मर्स्याङ्दी गाउँपालिका
नेकपा एमाले, नेपाली काँग्रेस, नेकपा माओवादीका पालिका स्तरिय प्रमुख वा प्रतिनिधीलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

२) कोभिड प्राविधिक टोली ::

१. संयोजक, लुल बहादुर घले, प्रमुख, स्वास्थ्य शाखा, मर्स्याङ्दी गाउँपालिका
२. सदस्य, आशिष परियार, जन स्वास्थ्य निरिक्षक, मर्स्याङ्दी गाउँपालिका
३. सदस्य, मोनिका तामाङ, प.हे.न., स्वास्थ्य शाखा, मर्स्याङ्दी गाउँपालिका
४.सदस्य, सिमाना थापा, स्टाफ नर्स, मर्स्याङ्दी गाउँपालिका
५. सदस्य, सिता तामाङ, स्टाफ नर्स, मर्स्याङ्दी गाउँपालिका
६. सदस्य, पुजा गुरुङ, ल्याव असिस्टेन्ट, मर्स्याङ्दी गाउँपालिका
७. सदस्य, माया गुरुङ, ल्याब असिस्टेन्ट, मर्स्याङ्दी गाउँपालिका
८. सदस्य, सागर गुरुङ, एम यस अपरेटर
९. सदस्य, सन्त बहादुर भुजेल, कार्यालय सहयोगी
संवन्धित वडाको स्वास्थ्य चौकीको स्वास्थ्य कर्मीहरुको सहयोग लिन सक्नेछ ।

३) एम्बुलेन्स व्यवस्थापन :

१. संयोजक, प्रेम ब. बस्नेत, वडा अध्यक्ष, वडा नं. ३
२. सदस्य, सूर्य प्रकाश कतिला, सदस्य, खुदी स्वास्थ्य चौकी व्यवस्थापन समिति
३. सदस्य, अध्यक्ष, बाघेता एम्बुलेन्स व्यवस्थापन समिति
४. सदस्य, सचिव, बाघेता एम्बुलेन्स व्यवस्थापन समिति
५. सदस्य, रमेश के.सी., खुदी स्वास्थ्य चौकी

४) दिर्घ रोगीहरुको औषधि व्यवस्थापन :

१. संयोजक, मोनिका तामाङ, प.हे.न., स्वास्थ्य शाखा, मर्स्याङ्दी गाउँपालिका
२. सदस्य, लिला गुरुङ, अनमी, मर्स्याङ्दी गाउँपालिका
३. सदस्य, दुर्गा तामाङ, कार्यालय सहयोगी, मर्स्याङ्दी गाउँपालिका
✓ संवन्धित वडाका जनप्रतिनिधिहरु र स्वास्थ्य कर्मीहरुको सहयोग लिन सक्नेछ ।

५) सुत्केरी, दिर्घरोगी र आकस्मिक सेवा व्यवस्थापन समिति :

१. संयोजक, अर्जुन गुरुङ, अध्यक्ष, मर्स्याङ्दी गाउँपालिका
२. सदस्य, सुमन गुरुङ, वडा अध्यक्ष वडा नं. ४
३. सदस्य, यूवा घले, वडा अध्यक्ष वडा नं. ७

४. सदस्य, लुल बहादुर घले, प्रमुख, स्वास्थ्य शाखा, मर्स्याङ्दी गाउँपालिका
५. सदस्य, बिनिता गुरुङ, अ.न.मी मर्स्याङ्दी गाउँपालिका

**६) सचेतना तथा जानकारीमुलक कार्यक्रमहरु सन्चालन तथा स्वयमसेवक परिचालन समिति :**

१. संयोजक, नारायण बहादुर थापा, वडा अध्यक्ष, वडा नं. ९
२. सदस्य, तिर्थ बहादुर बस्नेत, प्र.अ., अमर मा.वि.,खुदी
३. सदस्य, नवीन कुईकेल, पत्रकार
४. सदस्य, रबी थापा, अध्यक्ष, यूवा तथा खेलकुद विकास समिति
५. सदस्य, मेघेन्द्र गोतामे, हे.अ., मर्स्याङ्दी गाउँपालिका
६. सदस्य, तिल बहादुर गुरुङ, अध्यक्ष, महेन्द्रदेव मा.वि., मर्स्याङ्दी -७
७. सदस्य, नन्द राज तामाङ, अध्यक्ष, हिमचुली आ.मा.वि., मर्स्याङ्दी -३
८. सदस्य, प्रतिनिधी, बाहुनडाँडा प्रहरी चौकी
९. सदस्य, प्रतिनिधी, खुदी प्रहरी चौकी

**७) खाद्य आपुर्ति र बजारिकरण नियमन तथा अनुगमन :**

१. संयोजक, होम बहादुर बि.क., उपाध्याक्ष, मर्स्याङ्दी गाउँपालिका
२. सदस्य, युवा घले, वडा अध्यक्ष, वडा नं. ७
३. सदस्य, सूर्य प्रकास कतिला, अध्यक्ष, उद्योग बाणिज्य संघ, खुदी इकाई
४. सदस्य, बिरेन्द्र भण्डारी, सदस्य, लमजुङ उद्योग बाणिज्य संघ
५. सदस्य, प्रशासन प्रमुख, मर्स्याङ्दी गाउँपालिका
६. सदस्य, प्रमुख वा प्रतिनिधी, खुदी प्रहरी चौकी
७. सदस्य, प्रमुख वा प्रतिनिधी, बाहुनडाँडा प्रहरी चौकी

**८) कृषी उपज व्यवस्थापन समिति :**

१. संयोजक, बिरेन्द्र भण्डारी, अध्यक्ष, मर्स्याङ्दी बहुउद्धेशिय सहकारी
२. नारायण तामाङ, अध्यक्ष, किसान सन्जाल, मर्स्याङ्दी गाउँपालिका
३. सदस्य, नविन कुईकेल, उपाध्यक्ष, मर्स्याङ्दी बहुउद्धेशिय सहकारी
४. सदस्य, ऋषि बस्नेत, सचिव, मर्स्याङ्दी बहुउद्धेशिय सहकारी
५. सदस्य, बैश ब्रहादुर गुरुङ, अगुवा किसान, मर्स्याङ्दी -४
६. सदस्य, यमलाल तामाङ, सदस्य, मर्स्याङ्दी बहुउद्धेशिय सहकारी
७. सदस्य, कुल बहादुर बि.क., सदस्य मर्स्याङ्दी बहुउद्धेशिय सहकारी
८. सदस्य, निर्मल थापा, सदस्य मर्स्याङ्दी बहुउद्धेशिय सहकारी
९. सदस्य, शर्मिला ढकाल, कृषि शाखा प्रमुख, मर्स्याङ्दी गाउँपालिका

३) निम्नानुसारका कर्मचारीहरुको नियूक्ति प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

- यस मर्स्याङ्दी गाउँपलिका अन्तर्गतको वडा नं.२ स्थित सुधामिलन आधारभूत स्वास्थ्य सेवा केन्द्रको लागि रिक्त सहायक चौथौं अ.न.मी. करार पदमा कर्मचारी छनौट समितिको मिति २०७८/०१/०२ मा छनौट हुनु भएका श्री लिला माया गुरुङको नियुक्ति प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढीकरण आयोजना अन्तर्गत यस मर्स्याङ्दी गाउँपलिका अन्तर्गत सेवा इकाइमा रहेने एम.आई.एस. अपरेटरको अस्थाथी दरवन्दीमा जनशक्ति छनौट सम्वन्धी मापदण्ड २०७६ अनुसार छनौट हुनु भएका श्री सागर गुरुङको मिति २०७८/०१/०३ मा भएको नियुक्ति प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।
- यस मर्स्याङ्दी गाउँपलिका अन्तर्गत प्राविधिक शाखाको लागि रिक्त इन्जिनियरिङ सेवा सिभिल समुह स्यानिटरी उपसमुह चौयौ तह खानेपानी तथा सरसफाई टेक्निसियन पदमा कर्मचारी

छनौट समितिको मिति २०७८/०१/१५ मा छनौट हुनु भएका श्री दिपेन तामाङको नियुक्ति प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।

- यस मर्स्याङ्दी गाउँपलिका अर्न्तगत व्याक लेडर अपरेटर सेवा करारमा रिक्त पदमा मिति २०७८/०१/२६ मा गाउँकार्यापालिकाको निर्णाय अनसार नियुक्ति हुनु भएका श्री निरमान तामाङ नियुक्ति प्रक्रिया अनुमोदन गर्ने निर्णय गरियो ।

४) मर्स्याङ्दी गाउँपालिका वडा नं. ९ को वडा समिति, वडा स्तरिय पार्टी प्रतिनिधी, जग्गा छनौट कार्यदल र बुद्धिजिवीहरुको भेलाले प्रस्ताव गरे अनुसार मर्स्याङ्दी गाउँपालिका वडा नं. ९ को केन्द्र साविक सिम्पानी गा.वि.स. वडा नं. ९ सिम्लेमा रहेको अमर मा.वि.को नाममा रहेको कि.नं.८८३ को क्षेत्रफल ०.९.२.२ सहितको जग्गामा कायम गर्ने निर्णय गरियो । साथै सो जग्गा नामसारीको लागि वडा सचिव दिनेश कुमाललाई प्रतिनिधी तोक्ने निर्णय गरियो ।

५) बढ्दो फोहोरमैलाको व्यवस्थापनलाई ध्यानमा राख्दै सफा मर्स्याङ्दी अभियानलाई साकार पार्न यस गाउँपालिका भित्र प्लाष्टिक प्लेट, चम्चा, ग्लास जस्ता प्लाष्टिक सामाग्रीहरुको प्रयोगमा पूर्ण रुपमा रोक लगाउने निर्णय गरियो । साथै यसको बैकल्पिक व्यवस्थामा स्थानिय टपरीको प्रयोगलाई व्यवस्थित गर्ने र यसको प्रवर्द्धनको लागि गाउँपालिकाले आवश्यक सहयोग समेत गर्ने निर्णय गरियो ।

६) यस गाउँपालिकाको सडक सञ्जालले जोडिएका स्थानहरुमा बढ्दो बस्ति विकासलाई ध्यानमा राखी तत्काल सडकको मापदन्ड ७ मी. कायम गर्ने निर्णय गरियो । सडकमा जोडिने गरि घर टहरा निर्माण गर्नु पर्ने भएमा वडाको सिफारिसमा अनिवार्य रुपमा गाउँपालिकाको अनुमति लिनुपर्ने निर्णय गरियो ।

७) वर्षाको समय आउदै गरेकोले सम्भावित बाढी पहिरो रोकथाम र खानेपानीको समस्या समाधान गर्न तत्काल रु.३ लाख बरावरको ग्याबियन जाली रु.२ लाख बरावरको २० एम एमको खानेपानी पाइप खरिद गर्ने निर्णय गरियो ।

८) मिति २०७८/०१/२० गतेको DCCMC को निर्णय अनुसार यस गाउँपालिकाले जिल्लामा अक्सिजन सहितको बेड तयार गर्न रु. ३ लाख सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

९) मर्स्याङ्दी गाउँपालिकाको आ.ब.२०७७/७८ मा विनियोजित बजेट अर्न्तगतका योजनाहरुको सम्झौताको म्याद २०७७ माघ मसान्त रहेतापनि कोभिड १९ का कारण र कामदारको अभाव लगायत विभिन्न कारणले गर्दा समयमा सम्झौता गर्न नसक्ने भएको हुँदा विभिन्न समयमा म्याद थप गरेता पनि सम्पन्न गर्न कठिनाई भएकोले जेष्ठ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

१०) मर्स्याङ्दी गाउँपालिकाको आ.ब.२०७७/७८ मा विनियोजित बजेट अर्न्तगतका योजनाहरुको सम्पन्नताको म्याद २०७८ बैशाख मसान्त रहेको र योजनाहरुको भुक्तानीको अन्तिम म्याद जेष्ठ मसान्त भएता पनि कोभिड १९ का कारण र कामदारको अभाव लगायत विभिन्न कारणले गर्दा समयमा सम्पन्न गर्न कठिनाई भएकोले दुवैको म्याद आषाढ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।

११) यस मर्स्याङ्दी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय तथा यस गाउँपालिका अन्तर्गत आ.ब. २०७७/०७८ मा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) लागु हुने वडा नं. १ र २ मा मिति २०७७/०८/१६ गते देखि उद्यम विकास सहजकर्ता(सहायक स्तर चौथो सरह) पदमा कार्यरत सुनिता दशौंदी र रुपा वंशी मगरको करार सेवा अवधि मिति २०७८/०२/१६ देखि २०७८ साल असार मसान्त सम्म थप गर्ने निर्णय गरियो।

१२) यस मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ७ को वडा कार्यालयवाट प्रवाह गरिने सार्वजनिक सेवा एंवम तथा व्यक्तिगत घटनादर्ता लाई प्रभावकारी रुपमा सञ्चालनको लागि वनाउनको इन्भटर /सोलार खरिद गरिएकाले सो को भुक्तानीको लागि वजेट विनियोजन नभएकाले चालु

आ.व.२०७७/७८ को चालु वजेट शिर्षक नं. २२३१९ (अन्य कार्यालय सन्चालन खर्च ) वाट रु १ लाख पुंजी गत शिर्षक नं. ३११२२ मेशिनरी तथा औजार रकमान्तर गर्ने निर्णय गरियो ।

१३) रु.५ लाखको (२×१×१) को ग्याबियन जाली, रु. २ लाखको २० यम यमको खानेपानी पाईप र रु. ३ लाखको सिँचाईको लागि ४ ईन्चको पाईप खरिद गर्ने निर्णय गरियो ।

१४) टिच फर नेपाल सँगको सहकार्यमा यस गाउँपालिकाको ७ वटा वडाहरुमा भएको मा.वि.हरुमा २/२ जना प्राज्ञार्थी शिक्षकहरु सम्झौता गरि नियूक्त गरिएको र वडा नं. ३ को अमर मा.वि. र वडा नं. ९ को गणेश मा.वि.मा प्राज्ञार्थी शिक्षक नियूक्त नगरि सो प्राज्ञार्थी शिक्षकहरुको लागि लाग्ने व्यय बरावरको रकम विद्यालयको प्रस्तावनाको आधारमा शिक्षा तर्फ विनियोजित बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।

१५) यति खेर कोरोनाको दोस्रो भेरियन्ट महामारीको रुपमा फैलिरहेकोले यसको रोकथामको लागि गाउँपालिकाको तर्फबाट सक्दो प्रयन्त जारी रहेकोछ तथापि कोरोनाको संक्रमणबाट मृत्यु भएमा मृत्यू हुने विपन्न परिवारलाई काज कृया खर्च बापत रु.२०,०००।- सम्म आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

१६) असक्त, असहाय, विपन्न सहायता कोषबाट निन्नानुसारको व्यक्तिहरुलाई आर्थीक सहयोग गर्ने निर्णय गरियो ।

- खण्ड बि.क, मर्स्याङ्दी -१, रु.१०,०००।- (घाँटीमा ट्युमर)
- यूनिक बि.क., मर्स्याङ्दी -१, रु.२०,०००।- (ब्लड क्यान्सर)
- मोहन जङ गुरुङ, मर्स्याङ्दी -१, रु.२०,०००।- (दुवै मृगौला फेल)
- हरिमाया गुरुङ, मर्स्याङ्दी -४, रु. १०,०००।- ( विपन्न परिवार घोडा देखि तलको भाग काट्नु पर्ने उपचार)
- धन बहादुर गुरुङ, मर्स्याङ्दी -४, रु. १५,०००।- ( मृगौला रोगी)
- मंगले कामी, मर्स्याङ्दी -५, रु. १०,०००।- ( विपन्न मानसीक रोगी)

१७) विपद व्यवस्थानि कोषबाट निन्नानुसारको व्यक्तिहरुलाई आर्थीक सहयोग गर्ने निर्णय गरियो ।

- जमटे - लामटारी मोटरबाटो, मर्स्याङ्दी -३, रु.१,००,०००।- (पल्लोटारी पहिरो पिडितहरुको वस्ति पुर्नस्थापनाको लागि)
- लेख बहादुर परियार, मर्स्याङ्दी -३, रु.१५,०००।- (मृतक सृजना परियारको बुवा पानीमा डुवेर मृत्यु, विपन्न परिवार काज कृया खर्च )
- मैत दमै, मर्स्याङ्दी -३, रु.१५,०००।- (मृतक नमुना परियारको बुवा पानीमा डुवेर मृत्यु, विपन्न परिवार काज कृया खर्च )
- ईन्द्रथान ढुङ्गा फुटाउन, मर्स्याङ्दी -३, रु.२०,०००।- (खुदि बजारको बस्ति माथी खतरापूर्ण रुपमा रहेको ढुङ्गा स्थानिय वासिन्दाहरुको सहकार्यमा फुटाउनको लागि)
- बनकासी गुरुङ, मर्स्याङ्दी -४, रु. १०,०००।- ( गोठ आगालागी)
- रेशम बहादुर गुरुङ, मर्स्याङ्दी -४, रु. १०,०००।- ( चट्याङले ३ वटा भैसी मरेको)
- डिल प्रसाद गुरुङ, मर्स्याङ्दी -४, रु. १५,०००।- (घर आगालागी)
- सेते सार्की, मर्स्याङ्दी -५, रु. १०,०००।- (दुर्घटना परि मृत्यू भएको लक्ष्मण नेपालीको बुवा विपन्न परिवार काज कृया खर्च)
- अस्थायी पुल निर्माण, मर्स्याङ्दी -७, सेरा रु.५,०००।- (बर्षातको समयको लागि)
- गैरागाउँ भलबाडी नियन्त्रण, मर्स्याङ्दी -९, रु.३०,०००।- (बस्तिमा भलबाडी नियन्त्रण गर्न)
- सोम बहादुर बि.क., मर्स्याङ्दी -९, रु.३०,०००।- (हावाहुरीले आरान उडाएको तथा आरानमा काम गर्दा मेसिनबाट चोट लागेकोले उपचार खर्च )